# नेपाल सरकार

## रक्षा मन्त्रालय

### प्रेस विज्ञप्ति

नेपाल स्थित जापानका राजदूत महामहिम मसाशी ओगावा (Mr. Masashi Ogawa) ले रक्षा मन्त्री माननीय ईश्वर पोखरेलज्यूसंग मिति २०७४।१२।६ गते अपरान्ह रक्षा मन्त्रालयमा शिष्टाचार भेट गर्नु भयो । भेटका अवसरमा महामहिम राजदूतले रक्षा मन्त्री माननीय ईश्वर पोखरेलज्यूलाई रक्षा मन्त्रालय जस्तो महत्वपुर्ण जिम्मेवारी सम्हाल्नु भएकोमा हार्दिक वधाई ज्ञापन गर्दै मन्त्रीज्यूको कार्यकालको सफलताको कामना समेत व्यक्त गर्नु भयो ।

भेटका अवसरमा महामहिम राजदुतले नेपाल र जापान बीचको सम्वन्ध अति घनिष्ठ एवं मजवुत रहेको र यस्तो सम्वन्ध र आपसी सहयोग आगामी दिनमा समेत निरन्तर रहिरहने विश्वास व्यक्त गर्नु भयो । त्यस्तै, नेपाली सेनाले सुरक्षाको क्षेत्रमा पु-याएको योगदानको स-हाहना गर्दै महामहिम राजदुतले नेपाली सेना र जापानी सेना वीच विभिन्न किसिमको तालिम र अन्य सहयोगको आदान प्रदान भईरहेको र खासगरी २०७२ सालको भुकम्प पछी जापानको सेल्फ डिफेन्स फोर्सले चिकित्सकहरुको टोली पठाई भुकम्प पिडितहरुको लागि आपतकालिन उद्दार र राहतमा सहयोग पु-याएको कुरा स्मरण गर्नु भयो । साथै उहाले नेपालमा आतंककारी क्रियाकलापको खासै प्रभाव नभएतापनि यसबाट हुने संभावित घटना र जोखिमलाई उपेक्षा गर्न नहुने भएकोले यस संग सम्वन्धित विषयमा प्राप्त सुचना तथा जानकारी दुवै देशले आदान प्रदान गर्नु पर्ने कुरामा जोड दिनु भयो । त्यस्तै, नेपालमा नया संविधान जारी भई संविधान कार्यान्वयन गर्ने क्रममा नेपाल सरकारबाट भएको काम कारवाहीको लागि जापान सरकारले हार्दिक वधाई दिन चाहेको कुरा व्यक्त गर्दै नेपाल र जापान वीच प्रधानमन्त्रीस्तरको भ्रमण अपरिहार्य रहेको र यस प्रकारको भ्रमणको लागि आफु सकारात्मक रहेको कुरा समेत व्यक्त गर्नु भयो ।

सो अवसरमा माननीय रक्षा मन्त्रीज्यूले महामहिम राजदूतलाई शिष्टाचार भेटको लागि हार्दिक धन्यवाद व्यक्त गर्दै जापान नेपालको पुरानो मित्र राष्ट्र भएको र नेपाल र जापान वीचको सम्वन्ध दुवै देशका सरकार र जनता वीच मात्र नभै बुद्ध धर्म प्रतिको आस्था र प्रभावको कारणले पनि प्रगाढ रहेको कुरा व्यक्त गर्नु भयो । नेपाल र नेपाली जनताहरु भुकम्पबाट पिडित भएको अवस्थामा मित्र राष्ट्र जापानले उपलब्ध गराएको राहत

तथा उद्दार कार्य अति प्रशंसनीय रहेको कुरा व्यक्त गर्दै नेपालको शान्ति प्रकृयामा जापान सरकारले खेलेको भुमिका प्रति हार्दिक आभार समेत व्यक्त गर्नु भयो । वर्तमान सरकार गठन पछी विकास र आर्थिक समृद्धिमा तिव्रता हासिल गर्न चाहेको कुरा व्यक्त गर्दै माननीय रक्षा मन्त्री ज्यूले आर्थिक समृद्धि र विकास संगै नेपालमा लोकतन्त्र, कानूनको शासन, आवधिक निर्वाचन, नियन्त्रण र सन्तुलन अस्ता आधारभुत अधिकारको समेत संग संगै रहने कुरा व्यक्त गर्नु भयो । नेपालको सवै राष्ट्र संग मैत्रीपूर्ण सम्वन्ध रहेको र नेपालको आर्थिक समृद्धिको लागि हामिले गर्नै काम र त्यसको गुणस्तरमा जोड दिनु पर्ने कुरा व्यक्त गर्दै गुणस्तरिय सहयोग जहिले पनि स्वागतयोग्य हुने कुरा व्यक्त गर्नु भयो । नेपाली सेनाको क्षमताको विकासको लागि जापान सरकारले पु-याउदै आएको सहयोग र सदभाव प्रति आभार प्रकट गर्दै माननीय रक्षा मन्त्रीज्यूले आतंककारीको कुनै जात, धर्म र राष्ट्र नहुने भएकोले नेपालमा आतंककारी क्रियाकलाप कुनै पनि अवस्थामा स्वीकार्य हुन नसक्ने कुरा व्यक्त गर्नु भयो । यसको लागि दुवै देशले आपसी सुचनाको आदान प्रदान गर्नु पर्ने कुरा व्यक्त गर्दै नेपाल र जापान वीच प्रधानमन्त्री स्तरको उच्च स्तरिय भ्रमणको आदान प्रदान हुनु आवश्यक रहेको कुरा समेत व्यक्त गर्नु भयो ।

शिष्टाचार भेटमा रक्षा मन्त्रालयका सचिव श्री विनोद के.सी. र सहसचिव श्री ऋषि राजभण्डारी समेतको उपस्थिति थियो ।

सिंहदरवार, काठमाडौ
२०७४।१२।६

ऋषि राजभण्डारी
प्रवक्ता